बैठक संख्याः ३४

मितिः २०८१।०३।०९

आज मिति २०८१।०३।०९ गते गुराँस गाउँपालिकाको ३४औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी | - गाउँपालिका अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी | - सदस्य |
| १२. श्री विर्मा वि.क | - सदस्य |
| १३. श्री कुलविर वि.क | - सदस्य |
| १४. श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क | - सदस्य |
| १६. श्री भुमिसरा वली | - सदस्य |
| १७. श्री दिनेश दाहाल | - सचिव , नि.प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री मदन प्रकाश मल्ल | - प्रशासन तथा योजना शाखा प्रमुख |
| २. श्री पवन कुमार भण्डारी | - आ.ले.प शाखा |

बैठकका प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. आ.व. २०८०।८१ को आय व्यय तथा प्रगतिको समक्षा सम्बन्धमा।

३. आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम सम्बन्धमा।

४. आर्थिक ऐन २०८१ सम्बन्धमा।

५. विनियोजन ऐन २०८१ सम्बन्धमा।

६. मध्यमकालिन खर्च संरचना पारित गर्ने सम्बन्धमा।

७. न्यायिक समिति सचिवालयको प्रतिवेदन सम्बन्धमा।

८. आर्थिक वर्ष २०७९/८० को महालेखापरिक्षको अन्तिम प्रतिवेदन सम्बन्धमा।

९. विविध

क) स्थानीय कुखुरा प्रवर्धन कार्यक्रम साझेदारी भुक्तानी सम्बन्धमा।

ख) भलिवल प्रतियोगिताको भुक्तानी सम्बन्धमा।

ग) कानूनी परामर्शको भुक्तानी सम्बन्धमा।

घ) सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा।

ङ) अधुरा योजना तथा भुक्तानी बाँकीको सुची माग गर्ने सम्बन्धमा।

ओम बहादुर वि.सी.
अध्यक्ष

बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको समिक्षा गरि कार्यान्वयन नभएका निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८०।८१ को आय व्यय तथा प्रगतिको समक्षा गर्दै असार २४ गते साँझ सम्म अधिकतम वित्तिय प्रगतिको हासिल गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरियो। साथै, अनुमोदनको लागि गाउँसभाको १४औं अधिवेशनमा पेश गर्न गाउँसभा सचिवालयमा दर्ता गराउने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक विधेयक २०८१ कार्यपालिकाबाट स्वीकृत गरियो। साथै, अनुमोदनको लागि गाउँसभाको १४औं अधिवेशनमा पेश गर्न गाउँसभा सचिवालयमा दर्ता गराउने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विनियोजन विधेयक २०८१ कार्यपालिकाबाट स्वीकृत गरियो। अनुमोदनको लागि गाउँसभाको १४औं अधिवेशनमा पेश गर्न गाउँसभा सचिवालयमा दर्ता गराउने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्वास्थ्यका लागि सक्षम प्रणालीको प्राविधिक तथा आर्थिक सहयोगमा निर्माण भई कार्यालयमा हस्तान्तरण भएको मध्यमकालिन खर्च संरचनामा रहेका केहि त्रुटिहरु सच्याई संशोधित प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा न्यायिक समिति संयोजक श्री शिवाकुमारी खड्काले पेश गर्नुभएको न्यायिक समिति सचिवालयको प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

दीप बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक वर्ष २०७९/८० को महालेखापरिक्षको अन्तिम प्रतिवेदन प्राप्त भएकोमा विगत आ.व.को तुलनामा उल्लेखनिय वित्तिय अनुशासन कायम भएता पनि कायम भएका अधिकतम बेरुजुहरु कागजात पेश हुन नसक्दा औंल्याइएकाले आगामी अन्तिम लेखा परिक्षणबाट समपरिक्षण गर्न आवश्यक तयारी गर्न कार्यलयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दाः

क) पशु अस्पताल तथा पशु सेवा कार्यालय, दैलेखको आ.व. २०८०/८१ को स्थानीय कुखुरा प्रवर्धन विशेष कार्यक्रमका लागि यस कार्यालयको तर्फबाट साझेदारी बापतको रु.१ लाख रुपैया समपुरक/साझेदारी कोषबाट भुक्तानी दिने निर्णय गरियो।

ख) श्री भिम स्मृति युवा क्लब गुरौंस-८ ले २०८०/०७/०१ देखि २०८०/०७/०४ सम्म सञ्चालन गरेको भलिबल प्रतियोगितामा भएको खर्च बापत भुक्तानीका लागि वडाको सिफारिस सहित भिम स्मृती युवा क्लबको निवेदन प्राप्त भएकोमा अध्यक्षकप खेलकुद सञ्चालन शीर्षकबाट रु. ९५ हजार भुक्तानी दिने निर्णय गरियो।

ग) गुरौंस गाउँपालिकाका पक्षबाट चालु आ.व. सम्म विभिन्न मुद्दाहरुको कानूनी परामर्श / वकलात बापतको रकम भुक्तानी सेवा तथा परामर्श शीर्षकबाट दिने निर्णय गरियो।

घ) यस कार्यालयमा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री राजेन्द्र बि.सीको मितिः २०७९/१०/०८ मा कार्यालयको कामकाजको शिलसिलामा सडक दुर्घटनामा परि दुखद निधन भएकोमा निजको परिवारलाई विगत कार्यपालिका बैठकले निर्णय गरे बमोजिम रु. १ लाख, नियमानुसार पाउने ३ महिना बराबरको तलब भत्ता तथा कामकाजको क्रममा देहावसन भएमा निजको परिवारले प्राप्त गर्ने रु. १ लाख ५० हजार गरि जम्मा हुने रकम कर्मचारी पारिश्रमिक शीर्षकबाट निजको श्रीमती श्री जुना रिजालको बैंक खातामा भुक्तानी दिने निर्णय गरियो।

ङ) आ.व. २०८०/८१ मा विविध कारणबस अधुरा रहन गएका वडागत योजनाहरुको सूची उपलब्ध गराउन वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो। साथै, गत २ वर्ष भित्र भए गरेका महत्वपुर्ण योजना र कार्यक्रमको विवरण माग गर्ने निर्णय गरियो।

अन्त्यमा, गुरौंस गाउँकार्यपालिकाको ३४औं बैठक १४ जना कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्यूबाट समापनको जानकारी भयो।

टोप बहादुर वि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

बैठक संख्याः ३५
मितिः २०८१।०३।२१

आज मिति २०८१।०३।२१ गते गुराँस गाउँपालिकाको ३५औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी | - गाउँपालिका अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी | - सदस्य |
| १२. श्री विर्मा वि.क | - सदस्य |
| १३. श्री कुलविर वि.क | - सदस्य |
| १४. श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क | - सदस्य |
| १६. श्री भुमिसरा कर्की | - सदस्य |
| १७. श्री दिनेश दाहाल | - सचिव , नि.प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री मदन प्रकाश मल्ल | - प्रशासन तथा योजना शाखा प्रमुख |
| २. श्री पवन कुमार भण्डारी | - आ.ले.प शाखा |
| ३. श्री खेमराज उपाध्याय | - प्रशासन शाखा |

बैठकका प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. प्रमुख प्रशासकीय अधिकृतबाट विषेश जानकारी सम्वन्धमा।

३. राष्ट्रिय किसान आयोगको पत्र सम्बन्धमा।

४. कृषि विकास तथा अनुसन्धान केन्द्रको जग्गा सम्बन्धमा।

५. राउटे समुदायको संस्कृति संरक्षण सम्वन्धमा।

६. विपद व्यवस्थापनको पुर्व तयारी सम्वन्धमा।

७. लालिगुराँस बहुमुखी सहकारीको मुल्यांकन सम्वन्धमा।

८. आ.व. २०८०/८१ को बजेट संसोधन सम्वन्धमा।

९ विविध।

टोप बहादुर वि.सी.
अध्यक्ष

बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अधिकांश निर्णय कार्यान्वयन भएका तथा कार्यान्वयन नभएका निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ छलफल गर्दा यस गाउँपालिकाले नेपाल कृषि विकास फर्म प्रा.लि संगको साझेदारी सम्झौता रद्द गरि स्वामित्व लिएकोमा विगत कार्यपालिका बैठकले गरेको निर्णय बमोजिम जग्गा प्राप्तीको प्रकृया चलिरहेको अवस्थामा भुक्तानी प्राप्त नभएको भनि नेपाल कृषि विकास फर्म प्रा.ली का सञ्चालक श्री देवेन्द्र प्रसाद अधिकारीले गा.पा. अध्यक्ष, उपाध्यक्ष, नि. प्रमुख प्रशासकीय अधिकृत लगाएतका व्यक्तिहरुलाई सुनुयोजित रुपमा विवादित गराउने उद्देश्यका साथ सुसाइड नोट समेत लेखि विभिन्न सामाजिक सञ्जालमा प्रेषित गर्दै कार्यालय परिसरमा विष सेवन गरेको तथा सि.सि टिभी फुटेजमा समेत उक्त घटना कैद भएको प्रमुख प्रशासकीय अधिकृतले जानकारी गराउनु भएकोमा, उक्त घटना प्रति दुख व्यक्त गर्दै कार्यालयको गंभिर ध्यानआकर्षण भएको ठहर गरी निजको कृयाकलाप प्रति कार्यालयको तर्फबाट आधिकारी प्रेस नोट सार्वजनिक गर्ने तथा निजको उपचारको लागि तुरुन्त प्रतिकार्य गरि अस्पताल पुर्याई ज्यान जोगाउने प्रयास गरेकोमा कार्यालय परिवार र सुरक्षा निकाय लाई धन्यवाद दिने निर्णय गरियो। साथै, यस उपरान्त निजले माग गरेको रकम उपलब्ध गराउन सम्झौता भए देखि हालसम्मको बिल भरपाई, बैंक स्टेटमेन्ट सबैका आधारमा हिसाब गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय किसान आयोगबाट प्राप्त च.नं. ३६०, मितिः २०८१/०३/१७ को पत्रबाट यस गाउँपालिका र नेपाल कृषि विकास फर्म बीच भएको साझेदारी र पछिल्ला घटनाक्रमका सम्बन्धमा प्रतिक्रिया माग भएकोमा, सम्पुर्ण भौतिक र कृषिजन्य उत्पादन मुल्यांकन नसकिंदै भाडामा रहेको जग्गा धितोमा रहेको विषयले भुक्तानी लिने/दिने कार्यमा थप जटिलता श्रृजना गरेको, नेपाल कृषि विकास फर्मले सम्झौतामा उल्लेख भए बमोजिम महालेखाको प्रतिवेदन अनुसार बेरुजु फर्छ्यौट नभएको, जग्गा प्राप्तिको कार्यमा समेत साझेदारबाट कार्यालयलाई सहयोग नभएकोले सरकारी लगानीको संरक्षणको लागि आवश्यक कार्य सम्पन्न गर्ने उद्देश्य हासिल हुन नसकेको व्यहोराको पत्र पठाउने निर्णय गरियो।

साथै, नेपाल कृषि विकास फर्म प्रा.लि का सञ्चालक श्री देवेन्द्र प्रसाद अधिकारीले कार्यालयले आवश्यक प्रकृया बढाईरहेको क्रममा चित्त नबुझेमा कानूनी उपचारको बाटो हुँदा हुँदै आक्रोशित व्यक्तिहरु

टोप बहादुर बि.सी.
अध्यक्ष

कार्यालयमा ल्याई दवाब दिने, व्यक्तिगत रुपमा भुक्तानी दिनुपर्ने व्यवसायी/आपुर्तिकर्ताहरुलाई कार्यालयमा पठाउने, कार्यालयको बदनाम गर्ने उद्धेश्यका साथ नोट लेखि मिडियामा पठाउने, कार्यालय परिसरमा विष सेवन गर्ने जस्ता व्यवहारले कार्यालयसंगको सम्बन्ध समेत सुमधुर नरहेको, श्री देवेन्द्र प्रसाद अधिकारीलाई समेत कार्यालयको प्रकृयामा विश्वास नभएको र हाल विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्चालहरुबाट समेत गलत प्रचार गर्दा राजनीतिकरण भई जनप्रतिनिधिलाई समेत विवादमा ल्याईसकेकाले यस विषयको गांभिर्यता र जटिलतालाई मध्यनजर गर्दै समस्या समाधानका लागि सम्मानित राष्ट्रिय किसान आयोगबाट निश्पक्ष छानबिन समिति गठन गर्न समेत अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा कृषि तथा पशुपंक्षि शाखा अन्तर्गत गुराँस कृषि विकास तथा अनुसन्धान केन्द्र संचालनमा रहेको श्री नर बहादुर गुरुङ्ग नाममा दर्ता कायम रहेको कि.नं. ६०८, १०६७७ वर्ग मि. जग्गा भाडामा लिने/दिने सम्बन्धि नेपाल कृषि विकास फार्म प्रा.लि र जग्गा धनी विच मितिः २०७६ भाद्र २ गते सम्झौता भएकोमा गुराँस गाउँपालिकाले नेपाल कृषि फार्म प्रा.लि संग मिति २०७९ माघ २७ गतेको सम्झौताबाट उक्त फर्मको स्वामित्व लिए पश्चात यस कार्यालय र जग्गा धनीका बिचमा मिति २०८० मंसिर २७ गते यस पुर्व कृषि विकास फर्म वा साझेदार बाट दिने गरेको जग्गा भाडा उपलब्ध गराउने प्रयोजनका लागि मात्र सम्झौता भएकोमा जग्गाधनीको मितिः २०८१/०३/११ गते प्राप्त निवेदनमा उल्लेखित बहाल जग्गामा संरचना हटाउने व्यहोरा उल्लेख भएकाले यस कार्यालयको गंभिर ध्यान आकर्षण भई प्रस्टताको लागि पत्राचार गर्ने निर्णय गरियो। साथै, उक्त जग्गाको उचित मुल्यांकन गरि जग्गा प्राप्ति कार्य अघि बढाउन जग्गाधनी संग छलफल गर्ने तथा आगामी गाउँसभाबाट बजेट विनियोजन गर्ने निर्णय गरियो। साथै, यस उपरान्त जग्गा प्राप्त हुन नसकेमा घोडावास स्थित अन्यत्र प्राप्त जग्गामा फर्म सार्ने प्रकृया थाल्ने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको नागरिकका रुपमा गुराँस गाउँपालिका क्षेत्रमा बसोबास गर्दै आएका राउटे समुदायको संस्कृति संरक्षणका लागि विभिन्न विकास साझेदार तथा सरोकारवाला निकायहरु संग समन्वय गरि शिक्षा तथा स्वास्थ्य अवस्था सुधारका लागि योजना निर्माण गर्ने निर्णय गरियो। साथै, यस पुर्व विभिन्न संघ संस्था तथा निकायबाट खटिएका हेरालो / कर्मचारीले प्रभावकारी काम नगरेकोले निजहरुलाई हटाई पालिकाबाट कर्मचारी खटाउने निर्णय गरियो।

टोप बहादुर वि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वर्षातको समयमा विभिन्न प्रकारका विपदको जोखिम हुने भएकाले संभावित जोखिमबाट गुराँसवासीको जिउधन तथा सम्पत्तीको संरक्षणका लागि विपद व्यवस्थापनका सामाग्री तयार अवस्थामा राख्ने र विपदका घटनाबाट सुरक्षित रहन तथा आपतकालिन अवस्थामा सम्पर्कका लागि सम्पर्क नंबर सहित सार्वजनिक सूचना जारी गर्ने, प्रहरी र पालिकाको मेशिन तयारी अवस्थामा राख्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस गाउँकार्यपालिकाको ३३ बैठकको निर्णय नं. ८ बमोजिम लालिगुराँस बहुमुखी सहकारीको जग्गा तथा भवनको मुल्यांकन प्राप्त हुन आएकाले उक्त मुल्यांकनका आधारमा जग्गा प्राप्ति तथा भवनको मुवाब्जा सम्बन्धि छलफलका लागि श्री लालिगुराँस बहुमुखी सहकारीका प्रतिनिधिहरु लाई पत्राचार गर्ने तथा छलफलबाट आपसी सहमतिका आधारमा पेश्की रकम उपलब्ध गराउने तथा जग्गा तथा भवन प्राप्त गर्ने क्रममा बाँकी रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिम बजेट संशोधन गर्ने तथा स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

तपसिल:

| आ.व. २०८०/८१ रकमान्तर विवरण | | | | रकम (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| क.स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | घट | थप | कायम हुने |
| १ | पारिश्रमिक कर्मचारी | राजस्व बाँडफाँड - संघीय सरकार | २५००० | २००० | | २३००० |
| २ | सेवा र परामर्श खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ४५०० | १००० | | ३५०० |
| ३ | मसलन्द तथा कार्यालय सामाग्री(वडा समेत) | राजस्व बाँडफाँड - संघीय सरकार | ७००० | | २००० | ९००० |
| ४ | विविध खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | २६०० | | १००० | ३६०० |
| ५ | अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ९००० | १२०० | | ७८०० |
| ६ | छात्रवृत्ति | नेपाल सरकार - समानिकरण अनुदान | ० | | ७०० | ७०० |
| ७ | मानसिक स्वास्थ्य परामर्श तथा उपचार साझेदारी | नेपाल सरकार - समानिकरण अनुदान | ० | | ५०० | ५०० |

दीप बहादुर बि.सी.
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | महिला स्वास्थ्य स्वयंसेविका अक्षयकोष | नेपाल सरकार - समानिकरण अनुदान | ५० | ५० | | ० |
| ९ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन सामाग्री वितरण | नेपाल सरकार - समानिकरण अनुदान | ० | | ५० | ५० |
| १० | गुराँसे बहुमुखी क्याम्पस निर्माण स्थल सम्म सडक निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ३०० | १५० | | १५० |
| ११ | ३ नं. वडा कार्यालय भवन निर्माण क्रमागत | नेपाल सरकार - समानिकरण अनुदान | १५०० | | १५० | १६५० |
| १२ | सेरिवाडा बर्थिङ्ग सेन्टर | नेपाल सरकार - समानिकरण अनुदान | ० | | २४० | २५० |
| १३ | गाउँपालिका प्रशासकीय भवन निर्माण | नेपाल सरकार -समानिकरण अनुदान | ११५०० | २४० | | ११२६० |
| १४ | विपद व्यवस्थापन कोष स्थापना तथा संचालन | नेपाल सरकार - समानिकरण अनुदान | १०० | | २०० | ३०० |
| १५ | जन उत्तरदायी सार्वजानिक सुनुवाइ कार्यक्रम साझेदारी | नेपाल सरकार - समानिकरण अनुदान | २०० | २०० | | २०० |
| १६ | सहुलियत खाधान्न ढुवानी अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ० | | २३५ | २३५ |
| १७ | अध्यक्षकप खेलकुद संचालन | नेपाल सरकार - समानिकरण अनुदान | ७८०० | २३५ | | ७५६५ |
| १८ | गुराँस कृषि अनुसन्धान तथा उत्पादन केन्द्र | नेपाल सरकार - समानिकरण अनुदान | ३००० | ९०५ | | २०९५ |
| १९ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार - समानिकरण अनुदान | ० | | ९०५ | ९०५ |
| २० | करार सेवा शुल्क | आन्तरिक श्रोत | ५३८० | | ६०० | ५९८० |
| २१ | कर्मचारी, जनप्रतिनिधि अवलोकन तथा अध्ययन भ्रमण | आन्तरिक श्रोत | ६०० | ६०० | | ० |

५) विविध

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ३५औं बैठक १७ जना कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयो।

टोप बहादुर बि.सी.
अध्यक्ष